खक्सेनी सामुदायिक वन उपभोक्ता समुह

रेसुङ्गा नगरपालिका-५, गुल्मी

# काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सुचना

दोश्रो पटक सुचना प्रकाशन मिति:२०८३/०१/२३

यस खक्सेनी सामुदायिक बन उपभोक्ता समुह रेसुङ्गा न.पा. ५,गुल्मीको वन क्षेत्रबाट नेपाल विधुत प्राधिकरण बुर्तिवाङ-पौदी अमराई-तम्घास-सन्धिखर्क-गोरुसिङ्गे १३२ केभी विधुत प्रसारण लाईन आयोजना निर्माणको लागि नियमानुसार कटान भई यस समुहलाई हस्तान्तरण भई घाटगद्दी गरी राखिएको तपशिल बमोजिमको जात, थान र परिमाणको काठ जेजस्तो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ ।इच्छुक व्यक्ती, संङघ संस्था फर्म वा कम्पनीले यो सुचना बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ औ दिन (विदा परेमा भोलिपल्ट) को दिउसो २ बजे भित्र दाखिला गर्न आह्वान गरिन्छ ।

<u>तपशिल</u>

१. वन पैदावारको विवरण

| वन पैदावारको | | | | | | | मुल्याङकन रु. | |
|---|---|---|---|---|---|---|---|---|
| क स | लट नं | जात | किसिम | ग्रेड | थान | परिमाण | न्युनतम | कटान मुछान खर्च |
| १ | १ | खोटेसल्ला | गोलिया | ए | ४० | ६३८.१२ | १,५९,५३०/- | प्रति क्यु.फि. रु. १४१/- |
| | | | | बी | ३२६ | १६८७.३० | २,५३,०९५/- | |
| २ | | स्वामी | | - | ९९ | १२२.१९ | १२,२१९/- | |
| ३ | | आँप | | - | ३८ | ९६.७७ | १९,३५४/- | |
| ४ | | तिजु | | - | २ | ३.२६ | ३२६/- | |
| जम्मा | | | | | ५०५ | २५४७.६४ | ४,४४,५२४/- | |

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति:२०८३/०२/०७ (विदा परेमा सो को भोलिपल्ट) (ख) समयः दिन को २ बजे भित्र

(ख) बोलपत्र खोलिने मितिः २०८३/०२/०७ दिनको ३ बजे

३.बोलपत्र साथ कबुल गरेको रकमको १०% ले हुन आउने धरौटी रकम यस सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय वाणिज्य बैक लि. मा रहेको खाता न ३०१०१००३४२८३८००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्ने छ ।

४.बोलपत्र फारम प्रति लटको रु.१०००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समुह, डिभिजन वन कार्यालय गुल्मीबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५.लिलाम बढाबढ हुने काठ/दाउरा कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समुहको रेसुङ्गा न.पा.५, मा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६.लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, दर्ता प्रमाणपत्रको प्रतिलिपी, गत आ.व.को कर चुक्ता प्रमाणपत्र र मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७.निर्धारित न्युनतम संख्या र रीतपुर्वक पर्न आएका बोलपत्रहरु साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर, संकलन खर्च डिभिजन वन कार्यालयले तोकेको खातामा छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९.बोलपत्र सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्ने छ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१०.बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समुहमा निहित रहनेछ ।